# खिजीदेम्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**खिजीफलाटे,ओखलढुगां १ नं. प्रदेश नेपाल**

# स्थानीय राजपत्र

**खण्ड ५ संख्या ३ स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७९/०८/१६**

**भाग २**

प्रमाणीकरण मितिः२०७५/१२/०१
प्रथम संसोधन मिति :२०७७/०६/१३
दास्रो संसोधन मितिः २०७९/०७/२४

प्रस्तावना :- खिजीदेम्बा गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा उल्लेख्य वृद्धि गर्न वान्छनिय भएकोले नेपालको संविधान २०७२ को धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२), धारा २२६ को उपधारा (१) र अनुसूची ८ मा व्यवस्था भए बमोजिम एवम स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद (३) को दफा (११) को उपदफा (२) को खण्ड "ज" को बुदा नं. १० ले व्यवस्था गरे बमोजिम गाउँपालिकाको काम कर्तव्य र अधिकारको प्रयोग गरी यस खिजीदेम्बा गाउँपलिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुको आधारभुत तथा माध्यमिक शिक्षामा थप शैक्षिक गुणस्तर वृद्धि गर्नको निमित्त भौतिक तथा मानविय क्षमता बढोत्तरी गर्न ज्ञान, सीप, धारणा र शिक्षण सिकाई क्रियाकलापहरुलाई पर्याप्त एवम समय सान्दर्भिक गराउँदै आधुनिक प्रविधि संग तथा सीप र क्षमतापूर्वक आधुनिक समाज र प्रतीस्पर्धी शैक्षिक जन शक्ति उत्पादन गर्नको अतिरिक्त अनुदान उपलब्ध गराउँनको निमित्त यो सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि शैक्षिक अनुदान कार्यविधि २०७५ निर्माण गरिएको छ ।

## सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि शैक्षिक कार्यविधि,२०७५ दास्रो संशोधन २०७९

१. संक्षिप्त नाम र परिभाषा :-

(१) यस कार्यविधिको नाम "सामुदायिक विद्यालयको गुणस्तर वृद्धिका लागि शैक्षिक अनुदान कार्यविधि २०७५ रहने छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनको लागि

(क) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट स्वीकृत प्राप्त गरी ऐन तथा नियमावली अनुसार सञ्चालित प्राविधिक, व्यवसायिक, धार्मिक तथा सामान्य शिक्षा प्रदान गर्ने नियमित अध्यान, अध्यापन गर्ने सामुदायिक विद्यालय तथा क्याम्पस आदि शिक्षण संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ख) "शैक्षिक गुणस्तर वृद्धि" भन्नाले सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने बालबालिका वा विद्यार्थीहरुको लागि शैक्षिक गुणस्तर वृद्धि गर्ने पठन पाठन कार्यमा उनिहरुको ज्ञान सीप, धारण र अभिवृद्धिमा वृहत सुधार गर्ने प्रयोजनको लागि विद्यालयमा गरिने मानविय तथा भौतिक क्षमता अभिवृद्धि गर्ने कार्यलाई सम्झनु पर्दछ ।
(ग) "गाउँपालिका" भन्नाले खिजीदेम्बा गाउँपालिका ओखलढुंगालाई सम्झनु पर्दछ ।

(घ) “अनुदान” भन्नाले खिजीदेम्बा गाउँपालिकाबाट शैक्षिक गुणस्तर वृद्धि गर्ने प्रयोजनका लागि सामुदायिक विद्यालयहरु तथा शिक्षण संस्थालाई प्रदान गरिने रकम लाई सम्झनु पर्दछ ।

(ङ) “मानविय क्षमता” भन्नाले सामुदायिक विद्यालयमा आवश्यकताको आधारमा शैक्षिक गुणस्तर बृद्धिका लागि सेवा करारमा हुने शिक्षकको व्यवस्था भन्ने सम्झनु पर्दछ ।

(च) “भौतिक क्षमता” भन्नाले सामुदायिक विद्यालयको निमित्त अति आवश्यक पर्ने विज्ञान प्रयोग शाला, इन्टरनेट पुस्तकालय, शैक्षिक सामाग्री अन्तर्गत श्रव्य दृश्य सामाग्रीहरुको खरिद र व्यवस्थापन भन्ने सम्झनु पर्दछ ।

(छ) “प्रस्ताव” भन्नाले सामुदायिक विद्यालयहरुले आवश्यकताको आधारमा अनुदान रकम प्राप्त गर्न पेश गरिएको आधिकारिक माग पत्रलाई सम्झनु पर्दछ ।

(ज) “सेवा करार” भन्नाले सामुदायिक विद्यालयहरुले आवश्यकताको आधारमा शिक्षा ऐन तथा नियमावली अनुरुप नियमानुसारको व्यवस्था गर्ने पदलाई सम्झनु पर्दछ ।

(झ) “सभा” भन्नाले खिजीदेम्बा गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(ञ) “शैक्षिक सामाग्री” भन्नाले सामुदायिक विद्यालयहरुको शैक्षिक कार्यमा सहयोग र शैक्षिक गुणस्तर वृद्धिका लागि आवश्यक पर्ने ह्वाइट बोर्ड, कम्प्युटर, प्रोजेक्टर, अन्य श्रव्य, दृश्य, तथा श्रव्य दृश्य सामाग्रीहरुलाई सम्झनु पर्दछ ।

३) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि अनुदान सम्बन्धी व्यवस्था :-

(१) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि खिजीदेम्बा गाउँपालिकाको गाउँ सभाबाट पारित गरे बमोजिम आर्थिक ऐनको अनुसूची (१) तथा यस कार्यविधिको अनुसूचि (१) मा भएको व्यवस्था अनुरुपको रकम विद्यालयको निर्णय सहितको प्रस्तावनाको आधारमा उपलब्ध गराईने छ

(२) यस प्रयोजनको लागि विनियोजित अनुदान रकम आवश्यकताको आधारमा गाउँपालिका सभाबाट थपघट वा प्रभावकारी कार्यान्वयन हुन नसकेर शैक्षिक गुणस्तर वृद्धि हुन नसकेको देखिएमा उक्त अनुदान त्यस्तो विद्यालयलाई बन्द समेत गर्न सकिने छ ।

(३) यस्तो अनुदान रकम सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न मानविय तथा भौतिक क्षमता शैक्षिक सामाग्री वृद्धिमा मात्र खर्च गर्नु पर्ने छ तर प्राथना गर्ने मैदान निर्माण र भवनको आवश्यकता भई भवन वनाउने कामकालागि जग्गा खरिद जस्ता कार्यमा खर्च गर्न सक्ने आवश्यक भए आवश्यकताका आधारमा एक पटककालागि मात्र खर्च गर्नु परेमा अनुदान रकम खर्च गर्न सकिने छ ।

(४) शैक्षिक अनुदान रकम प्राप्त गर्ने सामुदायिक विद्यालयहरुले औचित्य पुष्टि हुने गरी शैक्षिक गुणस्तर वृद्धिको लागि एक प्रस्ताव तयार पारी शिक्षा शाखामा पेश गरे पश्चात गाउँ गाउँपालिका गाउँ शिक्षा समिति र गाउँपालिकाबाट स्वीकृत भए पछि मात्र विद्यालयको खातामा रकम जम्मा गरिने छ ।

(५) शैक्षिक अनुदान रकम शिक्षण कार्यमा प्रयोजन गर्दा शिक्षण गर्ने शिक्षकको व्यवस्थाको हकमा सेवा करार सम्झौता बमोजिम मात्र गरिनु पर्दछ भने भौतिक क्षमता विकासको लागि प्रयोग गर्दा विद्यार्थीको थप शैक्षिक गुणस्तर वृद्धिका लागि विषयगत, ज्ञान, सीप, धारणा र क्षमता वृद्धिमा प्रत्यक्ष सयोग पुग्न सक्ने शैक्षिक सामाग्रीहरुमा मात्र खर्च गरिनु पर्दछ ।

(६) शैक्षिक अनुदान रकमको निकासी कार्य प्रस्ताव तथा प्रगतीको आधारमा चौमासिक रुपमा वा प्रमाणित विल भर्पाई र अनुमोदित निर्णयको आधारमा उपलब्ध गराईने छ ।

७) सबै बालबालिकाहरुको प्रतिनिधित्व हुने गरी गरिएको विद्यालयको अतिरिक्त क्रियाकलाप अन्तरर्गतका कार्यक्रमको स्वीकृत खर्चका आधारमा विद्यालयको खातामा एकमुष्ठ उपलब्ध गराईने छ ।

(८) यस्तो अनुदान रकम सामुदायिक विद्यालयहरुमा विद्यमान रुपमा रहेका स्थायी, अस्थायी, राहत, करार शिक्षकहरु र कर्मचारीहरुलाई थप पारिश्रमिकका रुपमा प्रदान गर्ने प्रयोजनमा प्रयोग गर्न पाईने छैन ।

*(९) …………………

१०) यस कार्यविधिको आवश्यक संशोधन गर्नु परेमा गाउँ शिक्षा समिति र गाउँ कार्यपालिकाबाट आपसी कानुनत नबाझिने गरी गरिने छ ।

Ψअनुसूचि - १

| क्र.सं. | विद्यालयको तह एंव किसिम | अनुदान रकम | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कक्षा १-५ आधारभुत तह | प्रति विद्यार्थी वार्षिक रु. १०००।- का दरले | | अनिवार्य अंग्रेजी माध्यममा पठनपाठन भएको विद्यालय |
| २ | कक्षा १-८ आधारभुत विद्यालय | रु. ३,५०,०००।- का दरले | ५ जना भन्दा कम | पूर्ण दरबन्दी नभएको विद्यालय |
| ३ | कक्षा १-१० मा.वि.तह | रु. ५,००,०००।- दरले | नि. मा. वि. स्वीकृत भएको | पूर्ण दरबन्दी नभएको विद्यालय |
| ४ | कक्षा १-१२ मा.वि.तह | रु ३,५०,०००।- दरले | मा. वि. स्वीकृत भएको | पूर्ण मा.वि. दरबन्दी भएको विद्यालय |
| ५ | क्याम्पस सञ्चालन अनुदान | रु. १०,००,०००।- | | |
| ६ | अनुदानको करार शिक्षक, कर्मचारी, बालविकास सहयोगी र कार्यालय सहयोगीको पोशाक भत्ता | वार्षिक १०,०००।- | | |
| | | **अतिरिक्त कृयाकलाप** | | |
| ७ | कक्षा १ देखि ३ सम्म | वार्षिक | १०,०००।- | |
| ८ | कक्षा १ देखि ५ सम्म | वार्षिक | १५,०००।- | |
| ९ | कक्षा १ देखि ८ सम्म | वार्षिक | २०,०००।- | |
| १० | कक्षा १ देखि १० सम्म | वार्षिक | २५००० | |
| ११ | कक्षा १ देखि १२ सम्म | वार्षिक | ३०००० | |

*** प्रथम संसोधनद्वारा झिकिएको**

Ψ **दोस्रो संसोधनद्वारा संसोधित**

| | | | | |
|---|---|---|---|---|
| १२ | स्ववियु अतिरिक्त कृयाकलाप | वार्षिक | २५००० | |
| १३ | प्रधानाध्यापक बैठक खर्च | प्रति महिना | १५०० | |

**आज्ञाले**

(डम्बरबहादुर रजनमगर)

प्रमुख प्रशासकीय अधिकृत